सूचना नं. ७१९/०८३-८४, मिति: २०८३/०७/१७

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तह-५, वरिष्ठ सहायक (नगद) पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतद्वारा सञ्चालन हुने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विज्ञापन नं. **५७/२०८२-८३ (खुला), प्रशासन** सेवा, **नगद** समूह, **तह-५**, **वरिष्ठ सहायक (नगद)** पदको लागि **सुर्खेत** केन्द्र राखी आवेदन दिएका मध्ये दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।

परीक्षा कार्यक्रम

क्र.सं.	विज्ञापन नं.	पत्र	विषय	परीक्षा मिति र समय	परीक्षा प्रणाली	समय अवधि
१	५७/२०८२-८३(खुला), कर्णाली प्रदेश	प्रथम पत्र	Economy, Banking and General Knowledge	२०८३/०८/११ गते दिनको २:०० बजे	वस्तुगत	४५ मिनेट
					विषयगत	१ घण्टा १५ मिनेट
२		द्वितीय पत्र	Governance, Cash and Vault Management	२०८३/०८/१२ गते दिनको २:०० बजे	विषयगत	२ घण्टा ३० मिनेट

परीक्षा केन्द्र

क्र.स.	रोल नं.(देखि सम्म)		परीक्षा केन्द्र	उम्मेदवार संख्या
१	६५७०००१	६५७०२५०	श्री लोक सेवा आयोग, सुर्खेत कार्यालय **(परीक्षा भवन), परीक्षा केन्द्र**	२५०

द्रष्टव्य : (परीक्षार्थीहरूले अनिवार्य पालना गर्नु पर्ने निर्देशनहरु)

१. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ। प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले सम्बन्धित कार्यालयबाट अनिवार्य रुपमा प्रवेशपत्र प्रतिलिपि लिइसक्नु पर्नेछ।

२. परीक्षार्थीले **नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र** सहित उपस्थित हुनुहोला, **अन्यथा परीक्षामा सम्मिलित गराइने छैन**।

३. परीक्षा भवनमा **झोला, मोबाइल, स्मार्ट घडी तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू** लैजान निषेध गरिएको छ।

४. बस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

५. उत्तरपुस्तिकामा **कालो** मसी भएको **कलम/ डटपेन** मात्र प्रयोग गर्नु पर्नेछ।

(बृज लाल चौधरी)
कम्प्युटर अपरेटर

(पूर्ण प्रसाद पाण्डे)
नायव सुब्वा

(सरस्वती सापकोटा)
शाखा अधिकृत